# श्री स्टार र मच्छिन्द्र रोकिए बराबरीमा

## आजबाट १३ औं चरणका खेल हुँदै

**हिमालय टाइम्स**
काठमाडौं, १३ वैशाख



शहीद स्मारक 'ए' डिभिजन लिगअन्तर्गत बुधबार सम्पन्न खेलमा मच्छिन्द्र क्लब र श्री स्टार क्लब गोलरहित बराबरीमा रोकिएका छन् । त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा दुवै टोलीले गोलरहित बराबरी खेल्दै अंक बाँडेका हुन् । मध्यम सुरुवात भएको खेलको दोस्रो हाफमा भने दुवै टोलीले प्रतिस्पर्धात्मक खेल देखाएका थिए । तर, दुवै टोलीले केही सुन्दर मौका बनाए पनि सफल हुन भने सकेनन् ।

खेलको सुरुमै अफिज ओलावालेको पासमा चेन्चो ग्याल्नेनले गरेको प्रहार गोलपोष्टमा लागेर फर्कियो । ६८औं मिनेटमा श्री स्टारले गरेको गोलमा रेफ्रीले अफसाइडको संज्ञा दिँदा श्री स्टार निराश भएको थियो । त्यसपछि लगत्तै मच्छिन्द्रका ओलावाले अफिजको प्रहार श्री स्टारका गोलकिपरले बचाउनुभएको थियो । ८४औं मिनेटमा चेन्चो ग्याल्चेनले फ्रिकिकमा गरेको प्रहार श्री स्टारका गोलकिपरले पञ्च गर्दै फर्काउनुभयो । खेलको इन्जुरी समयमा मच्छिन्द्रले दबाब बढाउँदै केही राम्रा प्रहार गरे पनि गोल भने गर्न सकेन ।

शीर्षस्थानको होडमा रहेको श्री स्टारलाई बराबरीले धक्का लागेको छ भने मच्छिन्द्रले लिगमा स्थान सुधार गर्ने मौका गुमाएको छ । योसँगै १२औं चरणको खेलपछि श्री स्टार २२ अंक जोडेर तालिकाको दोस्रो स्थानमा कायम छ भने मच्छिन्द्रको समान १२ खेलबाट १७ अंक जोडेर सातौं स्थानमा छ । समान अंक भएको एपिएफ गोल अन्तरका आधारमा छैटौं स्थानमा छ ।

लिगअन्तर्गत बुधबार नै भएको अर्को खेलमा सातदोबाटो युवा क्लबले संकटा क्लबमाथि चार-शून्यको सहज जित निकाल्यो । च्यासल मैदानमा सातदोबाटोलाई जित दिलाउन विलियम असाइडु र दीपकराज सिंह ठकुरीले समान दुई/दुई गोल गर्नुभयो । सुरुवातबाट नै आक्रामक हुँदै खेलेको सातदोबाटोले खेलको १०औं मिनेटमा असाइडुको गोलमार्फत् अग्रता लिएको थियो । सुशील लामाको क्रसलाई असाइडुले गोलमा परिणत गर्नुभएको थियो । त्यसको नौ मिनेटपछि असाइडुले नै टोलीको अग्रता दोब्बर बनाउनुभयो । पेनाल्टी बक्सबाहिरबाट आसाइडुको प्रहार संकटाका गोलकिपर टिकेन्द्रसिंह थापालाई लाग्दै गोलमा परिणत भएको थियो । दुई गोलको अग्रता बनाएको सातदोबाटोले ६८औं मिनेटमा असाइडुको पासमा दीपकले गोल गर्दा सातदोबाटो तीन-शून्यले अघि बढ्यो । ८३ औं मिनेटमा दीपकले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई चार-शून्यको सहज जित निश्चित गर्नुभयो । यस जितसँगै १२ खेलमा २१ अंक जोडेको सातदोबाटो तेस्रो स्थानमा उक्लिएको छ । पराजय बेहोरेको संकटा समान खेलबाट १५ अंकका साथ नवौं स्थानमा छ ।

लिगमा बिहीबारबाट १३औं चरणका खेल सुचारु हुनेछन् । बिहीबार पहिलो खेल फ्रेण्ड्स क्लबले एपिएफ क्लबसँग प्रतिस्पर्धा गर्दा अर्को खेल खुमलटार युथ क्लब र विभागीय टोली नेपाल पुलिस क्लबबीच हुनेछ । दुवै खेल दशरथ रंगशालामा हुनेछन् ।

# साउदीलाई हराउँदै ओमान सेमिफाइनलमा

**हिमालय टाइम्स**
काठमाडौं, १३ वैशाख

साउदी अरेबियालाई हराउँदै ओमानले काठमाडौंमा जारी एसिसी प्रिमियर कपमा स्थान बनाएको छ । त्रिवि क्रिकेट मैदानमा बुधबार भएको खेलमा साउदी अरेवियालाई ७२ रनले हराउँदै ओमानले सेमिफाइनलमा स्थान बनाएको हो ।

समूह 'ए' मा रहेको ओमानले तीन जितका साथ ६ अंक जोड्दै शीर्ष स्थानमा रहेर सेमिफाइनलमा स्थान बनाएको हो । जितको लागि ३६७ रनको विशाल लक्ष्य पछ्याएको साउदी ४६.५ ओभरमा २९४ रनमा अल आउट भयो । साउदीका ओपनर अब्दुल वहिदले ८६ बलमा १४ चौका र एक छक्कासहित ९५ बनाउनुभयो ।

यस्तै, साद खानले ८० बलमा १० चौका र एक छक्कासहित ७८ रन बनाउनुभयो । कप्तान हिशाम शेखले ३२ बलमा चार चौकासहित ३६, अब्दुल वहिद १५ बलमा दुई चौका र दुई छक्कासहित २५ रन बनाउनुभयो ।

ओमानका बिलाल खानले ८.५ ओभरमा ७५ रन खर्चेर सर्वाधिक चार विकेट लिनुभयो । जिशान मकसुदले १० ओभरमा ४१ रन खर्चेर दुई विकेट तथा जय ओडेराले नौ ओभरमा ६१ रन खर्चेर तीन विकेट लिनुभयो ।

त्यसअघि त्रिवि क्रिकेट मैदानमा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको ओमानले निर्धारित ५० ओभरमा ६ विकेट गुमाउँदै ३६६ रन बनाएको थियो ।

ओमानका ओपनर जतिन्दर सिंहले ७९ बलमा ११ चौका र दुई छक्कासहित ८८ रन बनाउनुभयो । मोहम्मद नदिमले उत्कृष्ट अन्त्य गर्दै ३८ बलमा छ चौका र चार छक्कासहित ७१ रनमा अविजित रहनुभयो । नसिम खुशी ६ बलमा १२ रनमा अविजित रहनुभयो ।

पहिलो विकेटका लागि जतिन्दर सिंह र कश्याप प्रजापतीले १७.२ ओभरमा १२५ रन रन बनाउनुभएको थियो । कश्याप ५३ बलमा ६ चौका र दुई छक्कासहित ५१ रनमा आउट हुनुभयो । शोएब खानले ७० बलमा आठ चौका र दुई छक्कासहित ६८ रन बनाउनुभयो ।

# खोटाङ कराँतेलाई तीन स्वर्ण

**चिसाङ शेर्पा/हिटा**
खोटाङ, १३ वैशाख



१३औं राष्ट्रपति रनिङ शिल्ड प्रदेशस्तरीय छनोटमा खोटाङ करााँतेले तीन स्वर्ण प्राप्त गरेको छ । गएको सोमबार र मंगलबार सुनसरीको इटहरीमा भएको प्रदेशस्तरीय छनोटमा कुमितेमा दुई स्वर्ण, एकल कातामा एक स्वर्ण र कुमितेमा एक कांस्य पदक खोटाङले जितेको सितोरियो कराँते संघ खोटाङका सचिव एवं प्रवक्ता मोतिचन्द्र राईले जानकारी दिनुभयो ।

प्रवक्ता राईका अनुसार पुरुष कुमितेको ५२ केजी तौल समूहमा सूर्यचन्द्र राई, ४७ केजी तौल समूहमा दिपेश राई, पुरुष एकल कातामा सूर्यचन्द्र राई र महिला कुमितेअन्तर्गत ४५ केजी तौल समूहमा आयुष्मा राईले कांस्य पदक जित्नुभएको हो । प्रदेशस्तरीय उत्कृष्ट खेलाडी खोटाङकै सूर्यचन्द्र राई हुनुभएको छ । उहाँले ट्रफी र मेडल पाउनुभएको छ । पुरुषतर्फ टिम प्रथम भए पनि विजेतालाई केही व्यवस्थापन नरहेको बुझिएको छ । पुरुषतर्फका चार पदकमध्ये खोटाङले मात्रै तीन पदक जितेर बाजी मारेको कराँते महासंघका केन्द्रीय सदस्य सञ्जयकुमार राईले बताउनुभयो । जिल्लामा बजेट व्यवस्थापन र सहयोगमा खेलकुदलाई हेला गरिए पनि खेलाडीहरूले उत्कृष्ट नतिजा निकालेको राई बताउनुहुन्छ ।

# जिरोनासँग रियल म्याड्रिड पराजित

**एजेन्सी**
म्याड्रिड, १३ वैशाख

भ्यालेन्टिन कास्टेलानोसले ह्याट्रिकसहित चार गोल गरेको खेलमा स्पेनिस ला लिगाको खेलमा जिरोनाले रियल म्याड्रिडलाई ४-२ गोलअन्तरले पराजित गरेको छ । रियलको जितमा भिनिसियस जुनियर र लुकास भास्क्वेजले गोल फर्काउनुभयो ।

खेलको १२औं मिनेटमा भ्यालेन्टिनले मिगुइल गुइटेरेजको पासमा हेडमार्फत् गोल गर्दै घरेलु टोली जिरोनालाई १-० को अग्रता दिलाउनुभयो । २४औं मिनेटमा एर्नाउ मार्टिनेजले दोस्रो गोल गर्नुभयो । ३४औं मिनेटमा भिनिसियसले मार्को एसेन्सियोको पासमा गोल गर्दै खेललाई २-१ को स्थितिमा ल्याउनुभयो ।

४६औं मिनेटमा भ्यालेन्टिनले ह्याट्रिक पूरा गर्नुभयो । ६२औं मिनेटमा कास्टेलानोसले व्यक्तिगत चौथो गोल गरेपछि रियल खेलमा ४-१ ले अघि बढ्यो । ८५औं मिनेटमा भिनिसियसको पासमा लुकास भास्क्वेजले रियलका लागि एक गोल फर्काउनुभयो ।

जिरोनासँगको हारसँगै रियल म्याड्रिडको उपाधि जित्ने सम्भावना लगभग सकिएको छ । ला लिगामा अब सात चरणको खेल बाँकी रहँदा रियल शीर्षस्थानको क्याटलान क्लब बार्सिलोनासँग ११ अंकले पछि छ । बार्सिलोनाले अझै एक खेल कम खेलेको छ । रियलको ३१ खेलबाट ६५ अंक छ । एक खेल कम खेलेको बार्सिलोनाको ७६ अंक छ । रियललाई हराएको जिरोना ३१ खेलबाट ४१ अंक जोडेर नवौं स्थानमा उक्लिएको छ ।

# लुम्बिनी र कोसी प्रदेशको जित

**हिमालय टाइम्स**
कैलाली, १३ वैशाख

लुम्बिनी र कोसी प्रदेशले कैलालीको धनगढीमा जारी सुदुरपश्चिम मुख्यमन्त्री १६ बर्ष मुनिको राष्ट्रिय क्रिकेट प्रतियोगितामा जित हात पारेका छन् । फाप्ला क्रिकेट मैदानमा जारी प्रतियोगिताको पहिलो खेलमा लुम्बिनीले सुदूरपश्चिम प्रदेशलाई १५ रनले हरायो । अर्को खेलमा कोसीले गण्डकीलाई पराजित गऱ्यो ।

टस जितेर पहिले ब्याटिङ गर्दै लुम्बीनी प्रदेशले २९ दशमलव चार ओभरमा सबै विकेट क्षतिमा १४० रन बनाएको थियो । लुम्बीनीका लागि सन्तोष यादवले ४५ रन र आशिष ओलीले २२ रन बनाउनुभयो । सुदुरपश्चिमका लागि आशिष शाही र अशोक धामीले दुई दुई विकेट लिनुभयो । प्रति उत्तरमा सुदुरपश्चिम प्रदेशले २८ दशमलव चार ओभरमा सबै विकेट क्षतिमा १२५ रन मात्रै बनाउन सक्यो ।

सुदुरपश्चिमका लागि नरेन्द्र भट्टले ३२ रन, ऋतिक थापाले २५ रन र मेट्रिक थापाले अविजित २२ रन बनाउनुभयो । लुम्बीनीका लागि आशिष ओलीले चार विकेट लिनुभयो । सागर गैरे, कमरान अहमाद र सन्तोष यादवले एक एक विकेट लिनुभयो । खेलमा चार विकेट लिएका लुम्बीनीका आशिष ओली प्लेयर अफ द म्याच हुनुभयो । उहाँले नगद दुई हजार प्राप्त गर्नुभयो ।

दोस्रो खेलमा कोसी प्रदेशले बागमति प्रदेशलाई १६ रनले पराजित गर्यो । कोसी प्रदेशले टस जितेर पहिले ब्याटिङ गर्दै २८ दशमलव चार ओभरमा सबै विकेट क्षतिमा १५१ रन बनाएको थियो । कोसीका लागि दिपु भुजेलले ३७ रन, अलिश मण्डलले २६ रन र आशिक मगरले अविजित २२ रन बनाउनुभयो । बागमति प्रदेशका लागि सुविन हाडाले चार विकेट लिनुभयो । त्यस्तै अर्थव पौडेल र सार्थक धितालले दुई दुई विकेट लिनुभयो ।

प्रतिउत्तरमा बागमतिले २८ दशमलव २ ओभरमा सबै विकेट क्षतिमा १३५ रन मात्रै बनाउन सक्यो । बागमतिका लागि रोशन विकले २१ रन र सुयांशु कोईरालाले २० रन बनाउनुभयो । कोसीका लागि कृतिक कामतले ४ विकेट लिनुभयो । प्रतिश पौडेल र आशिक मगरले दुई दुई विकेट लिनुभयो । चार विकेट लिनुभएका कोसीका कृतिक कामत प्लेयर अफ द म्याच हुनुभयो । उहाँले नगद दुई हजार पाउनुभयो ।

प्रतियोगितामा बिहीबार पहिलो खेलमा लुम्बीनी प्रदेश र कर्णाली प्रदेश तथा तथा दोस्रो खेलमा सुदुरपश्चिम प्रदेश र मधेश प्रदेश प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगिताको विजेताले नगद दुई लाख र उपविजेताले नगद एक लाख प्राप्त गर्नेछन् । त्यस्तै, म्यान अफ द सिरिजले नगद १५ हजार, उत्कृष्ट ब्याट्सम्यान र बलरले जनही नगद १० हजार तथा प्लेयर अफ द म्याचले नगद दुई हजार प्राप्त गर्नेछन् ।

नेपाल क्रिकेट संघले मलेसियामा हुने १६ वर्षमुनिको ईस्ट जोन कप क्रिकेट प्रतियोगितालाई मध्यनजर गर्दै प्रतियोगिताको आयोजना गरेको हो । एसियन क्रिकेट काउन्सिलको कार्यक्रम अनुसार सो प्रतियोगिता अगामी जेठ ३ देखि १४ गतेसम्म मलेसियामा हुनेछ ।


**Government of Nepal**
**Office of Prime Minister and Council of Ministers**
**Statistics Office, Dhankuta**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

प्रकाशन मिति: २०८०/०१/१४

यस कार्यालयबाट मिति २०७९/१०/२४ मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलको निर्माण कार्यको लागि e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८०/०१/२१ गतेका दिन विहानको ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ङ) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | योजनाको विवरण | सफल बोलपत्रदाताको नाम |
|---|---|---|
| 1 | Construction of Statistics Office Building, Dhankuta. (TATHYANK/DHANKUTA/NCB/WORKS/01/079/080) | 1. Sara Shristi Nirman Sewa Pvt. Ltd., Dhankuta<br>2. Prayash Solution and Builders Pvt. Ltd., Kathmandu<br>3. Sashidhar/Kabil J.V., Morang<br>4. Laxmi Nirman Sewa, Kavre |

कार्यालय प्रमुख



**देवदह नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**केरवानी,रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८०/०१/१४

यस कार्यालय अन्तर्गत मिति २०८०/०१/०८ गते खोलिएको तपशिलका बोलपत्रहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ (२) तथा दफा ४७ को प्रयोजनार्थ यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सरोकारवाला समक्ष प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ ।

| क्र.स. | ठेक्का नं. | कामको नाम | बोलपत्रदाताको नाम | स्वीकृत कबोल अंक (भ्याट र पि.एस. सहित) |
|---|---|---|---|---|
| १. | MUN-RD-23-079-080 | Bhluhi Rohini Pul Dekhi Dakshin Rohini Danda Hudai Jagrititol Tarfa Bato Bistar | श्री सामर्थ कन्सट्रक्सन प्रा.लि. देवदह-७, रुपन्देही | ३०,३०,१२०.८७/- |
| २. | MUN-RD-24-079-080 | Construction of Black Topped Road at Different Ward of Devdaha Municipality | श्री सामर्थ कन्सट्रक्सन प्रा.लि. देवदह-७, रुपन्देही | ४१,६१,२७३.१२/- |

प्रमुख प्रशासकीय अधिकृत



**म्यागङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**देउराली, नुवाकोट**
**बागमती प्रदेश**

**बोलपत्र छनौट गर्ने आशयको सूचना !**

**(सूचना प्रकाशित मिति: २०८०/०१/१४)**

यस कार्यालयबाट आह्वान गरिएको तपशिल ठेक्काको लागि दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कन हुँदा न्युनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राहि देखिन आएको निम्न विवरण अनुसारको बोलपत्र छनौट गर्ने आशयले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रायोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| S. N. | Contract No. | Description of Works | Bidders Name & Address | Bid amount including VAT and PS amount |
|---|---|---|---|---|
| 1. | MRM/NCB/BUILDING/2079/80–6 | Construction of Interior finishing works of Myagang Rural Municipality Office Building | Karmasang Nirman Sewa, Bidur–8, Nuwakot | Rs. 59,71,304.07/- |

**(प्रमुख प्रशासकीय अधिकृत)**



**Government of Nepal**
**Ministry of Health and Population**
**Covid-19 Unified Central Hospital**
**Bir Hospital**
**Mahabouddha, Kathmandu**

**Invitation of Bid**

**Date of Publication : 27 April 2023 (2080/1/14 B.S.)**

1. ***Covid-19 Unified Central Hospital, Bir Hospital, Mahabouddha, Kathmandu*** invites tender from eligible bidders for the supply & delivery of following goods, bidding is open to all eligible bidders.
2. Eligible bidders may obtain further information ***Covid-19 Unified Central Hospital, Bir Hospital, Mahabouddha, Kathmandu.*** Telephone No. 977-1-4221800, 4221119, Telefax: +977-1-4222864.
3. The Eligible Bidders may obtain further information and can inspect the Bidding Documents in **www.bolpatra.gov.np/egp** and the e-Bidding procedure shall be as specified in the bid document.
   a. Name of Bank : Rastriya Banijya Bank, Teku, Kathmandu
   b. Name of Office : National Academy of Medical Sciences, Bir Hospital
   c. Office Code No. : 370613501
   d. Office Account No : 1010200010000
   e. Rajaswa Shirshak no : 14229
4. Bid must be purchasing and submissing on till 12:00 hours date as below.
5. Bids received after the deadline shall not be accepted.
6. If the bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the form of Bank voucher drawn in the name of ***National Academy of Medical Sciences, Bir Hospital, Mahabouddha, Kathmandu, Nepal office code no. 370613501 Deposit Account No.: 1700100102030000, of Treasury Controller Office, Tripureshwor, Kathmandu.***
7. Any provisions which are not mentioned in this notice will be consistent with public proceurement act (PPA), 2063/Public Proceurement Regulation (PPR), 2064 and other prevailing Nepalese Rules.

| Bid ID No. | Requirement | Opening Date | Bid Document Fee (Rs) | Bid Security (Rs.) |
|---|---|---|---|---|
| NAMS/NCB/079/80/29 | Supply & Delivery of Spare Parts & Chemicals for Dialysis Machine | 2080-02-14, 14:00 hrs. | 3,000.00 | 2,80,000/- |

**Director**